## मृत्यु दावी भुक्तानीको लागि अपनाउनु पर्ने प्रक्रिया तथा आवश्यक कागजातहरु

दावी भुक्तानी प्रकृया अगाडी बढाउन चाहिने दावी सम्बन्धी आवश्यक कागजातहरु तथा नेपाल बीमा प्राधिकरणले तोकिएका अन्य कागजातहरु उपलब्ध भएको अवस्थामा मात्र दावी भुक्तानी प्रक्रिया अघि बढ्ने प्रावधान भए बमोजिम दावी भुक्तानीको लागि चाहिने आवश्यक कागजातहरु शाखा कार्यालय मार्फत कर्पोरेट कार्यालय उपलब्ध गराउनु पर्दछ ।

बीमा दाबी भुक्तानी सम्बन्धमा बीमालेख तथा संलग्न पूरक करारहरु, सम्पुष्टिको शर्त सुबिधा अधिनमा रहि जोखिम रक्षावरण तथा दाबी भुक्तानी हुन्छ ।

१) दावीकर्ताबाट तपशीलका आवश्यक कागजातहरुहरु पेश गर्नुपर्दछ ।

(क) दावीकर्ताको निवेदन तथा मृत्युको जानकारी (मृत्यु भएको स्थान, मिति, समय र मृत्यु भएको कारण खुलेको हकवालाको निवेदन)

(ख) दावीकर्ताले भर्ने - दावी विवरण

(ग) मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपी

(घ) नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी

(ङ) मृतकको परिचय प्रमाणपत्र/नागरिकताको प्रतिलिपी

(च) अन्तिम बीमाशुल्क भुक्तानी गरेको रसिद

(छ) दावीकर्ताको नागरिकताको प्रतिलिपी

(ज) सक्कल बीमालेख

२) मृत्यु दावीको प्रकृती अनुसार पेश गर्नुपर्ने थप कागजातहरु :

(क) बीमित/प्रस्तावकलाई बिगत ३ वर्षभित्र कुनै रोग लागे नलागेको र उपचार गराएको सम्बन्धमा दावीकर्ताबाट लिखित जानकारी पत्र ।

(ख) रोग लागेर तथा बिरामी भई बीमित/प्रस्तावकको मृत्यु भएमा दावीकर्ताबाट सो सम्बन्धमा लिखित रुपमा विस्तृत विवरण खुलेको कागजात जस्तै : निजलाई कहिलेदेखि सो रोग लागेको, उक्त रोगको उपचार कहाँ र कहिले गरिएको आदि । यस्तो अवस्थामा माथिको नं. (क) आवश्यक नपर्ने ।

(ग) बीमित/प्रस्तावकको अस्पतालमा मृत्यु भएमा :

i) अस्पतालमा उपचार गरेको कागजातहरु

ii) Medical Attendant Report

(घ) दुर्घटनाबाट बीमित/प्रस्तावकको मृत्यु भएमा :

i) घटनास्थल लास जाँच/प्रकृती मुचुल्का

अथवा

ii) सरकारी चिकित्सकद्धारा गरिएको पोष्ट मार्टम रिर्पोट

(ङ) यदि बीमा गरेको २ वर्षभित्र बीमित/प्रस्तावकको मृत्यु भएमा प्रहरीमा त्यस्तो मृत्युको सम्बन्धमा कुनै उजुरी परे नपरेको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयलको पत्र

(३) बीमालेख अन्तर्गत इच्छाइएको व्यक्ति नराखेका र उमेर पुगेका अविवाहित बीमितको मृत्यु भएमा सम्बन्धित गा.वि.स. कार्यालयबाट अविवाहिता सम्बन्धी पत्र

(४) बीमालेख अन्तर्गत ईच्छाइएको व्यक्ति नाबालक भएमा :

i) नाबालकको जन्मदर्ता प्रमाणपत्र

ii) यदि निज नाबालकको बाबु तथा आमाको समेत मृत्यु भैसकेको रहेछ र अन्य व्यक्ति संरक्षक भई दावी प्रकृया अगाडी बढाएको भएमा सम्बन्धित स्थानिय निकायबाट नाबालकको संरक्षक प्रमाणित गरिएको पत्र ।

(५) एकै बीमित/प्रस्तावकको एकभन्दा बढी बीमालेख अन्तर्गत दावी भुक्तानी गर्नु परेमा प्रत्येक दावी बीमालेखको छुट्टाछुट्टै फाइल तथा आवश्यक सम्पूर्ण कागजातहरु फोटोकपी गरी प्रमाणित गरी समावेश गर्नु पर्दछ ।

(६) जीवन बीमा सम्बन्धमा इच्छाएको व्यक्ति आफैले कम्पनीको आफूलाई पायक पर्ने शाखा कार्यालयबाट जानकारी दिन/लिन सक्नेछ । तर सम्बन्धित सरोकार नभएको वा असम्बद्ध कुनै पक्षसँग कम्पनीले विवरण दिन वा कुनै जानकारी दिन बाध्य हुने छैन ।

(७) साथै स्वीकृत बीमा दाबी भुक्तानी बुझिलिन दाबीकर्ता/हकवाला कम्पनी (निजलाई पायक पर्ने शाखा तथा उपशाखा कार्यालय) मा उपस्थित हुनु सक्नुहुनेछ ।

(८) बीमालेख अन्तर्गतको मृत्यु दाबी भुक्तानी रकम बुझिलिन बीमितको हकवाला कम्पनीमा उपस्थित हुन नसकेको अवस्थामा कम्पनीको प्रतिनिधि निज रहेको स्थानमा गई दाबी भुक्तानी गर्ने व्यवस्था पनि रहेको जानकारी गरिन्छ ।